राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम

## विधेयकमा प्राप्त संशोधन प्रस्तावहरूको एकीकृत विवरण

विधेयकको नामः- **विधायन सम्बन्धी विधेयक, २०८०**

**१) संशोधन प्रस्ताव दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)**

| क्र. सं. | दर्ता न. | मा. सदस्यको नाम | दर्ता नं | मा. सदस्यको नाम |
|---|---|---|---|---|
| १ | १ | मा. देवेन्द्र दाहाल, मा. दिलकुमारी रावल थापा (पार्वती), मा. भगवती न्यौपाने, मा. भैरव सुन्दर श्रेष्ठ, मा. विमला घिमिरे, मा. सुमित्रा वि.सी. | २ | मा. मायाप्रसाद शर्मा, मा. गोपाल भट्टराई, मा. तुलसा कुमारी दाहाल, मा. नर बहादुर विष्ट |

**२) संशोधन प्रस्तावको विवरण (दफा क्रमानुसार मिलाइएको)**

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधन प्रस्तावको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू र मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २ | | (क) | | यस खण्ड पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउनु पर्नेः<br>"(ख) ऐन भन्नाले संघीय संसदबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएको ऐनलाई सम्झनु पर्छ"। |
| २. | मा. देवेन्द्र दाहाल लगायत सदस्यहरू र मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २ | | (ङ) | | यस उपदफामा रहेको "भन्नाले" भन्ने शब्द पछि "नेपाल सरकार" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ३. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू र मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ४ | (१) | | | यस उपदफामा रहेका "सम्बन्धित मन्त्रालयले" भन्ने शब्दहरू पछि रहेका "नेपाल सरकारबाट निर्धारण भए बमोजिमका" भन्ने शब्दहरू हटाउनु पर्ने । |
| ४. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ५ | (२) | | | यस उपदफामा रहेका "आवश्यक देखेमा" भन्ने शब्दहरू हटाउनु पर्ने र "आयोगलाई अनुरोध गर्न" भन्ने शब्दहरूको सट्टा "आयोगमा पठाउन" भन्ने शब्दहरू राख्नु पर्ने । |
| ५. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ५ | (२) | | | यस उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नु पर्नेः<br>"(२) सम्बन्धित मन्त्रालयले प्रारम्भिक मस्यौदा तर्जुमा गर्न नेपाल कानून आयोगमा पठाउन सक्नेछ।" |
| ६. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ५ | (२) | | | यस उपदफामा रहेका "कानून आयोगलाई अनुरोध गर्न" भन्ने शब्दहरूको सट्टा "कानून आयोगमा पठाउन" भन्ने शब्दहरू राख्नु पर्ने । |

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधन प्रस्तावको व्यहोरा |
|---|---|---|---|---|---|---|
| ७. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ६ | (२) | | | यस उपदफामा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछ" भन्ने शब्द राख्नु पर्ने । |
| ८. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ६ | (२) | | | यस उपदफामा रहेका "सुझाब समेत माग गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "सबै प्रदेश र स्थानीय तहबाट माग गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ९. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ६ | (४) | | | यस उपदफामा रहेका "अनुरोध गरिएकोमा" भन्ने शब्दहरूको सट्टा "पठाइएकोमा" भन्ने शब्द राख्नु पर्ने। |
| १०. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ९ | (३) | | | यस उपदफामा रहेका "दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "दिनेछ" भन्ने शब्द राख्नु पर्ने । |
| ११. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ९ | (३) | | | यस उपदफामा रहेका "दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "दिनु पर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने । |
| १२. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १३ | (१) | | | यस उपदफामा रहेको "बनाई" भन्ने शब्द हटाउनु पर्ने । |
| १३. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू र मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १३ | (२) | | | यस उपदफामा रहेको "गएर" भन्ने शब्द पछि "वा बाझिने गरी" भन्ने शब्दहरू राख्नु पर्ने । |
| १४. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू र मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १३ | (३) | | | यस उपदफामा रहेको "पार्ने विषयमा" भन्ने शब्दहरूको सट्टा "पर्ने गरी" भन्ने शब्दहरू राख्नु पर्ने । |
| १५. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | १४ | | (क) | | यस खण्डमा रहेको "सीमा" भन्ने शब्द पछि "भित्र रहने" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १६. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १४ | | (क) | | यस खण्डमा रहेको "सीमा" भन्ने शब्दको पछि "नाघ्न नहुने" भन्ने शब्दहरू थप्नु पर्ने । |
| १७. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | १४ | | (ग) | | यस खण्डमा रहेका "बनाउनु पर्ने" भन्ने शब्दहरूको सट्टा "ल्याउनु पर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने । |
| १८. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १४ | | (ग) | | यस खण्डमा रहेका "बनाउनु पर्ने" भन्ने शब्दहरूको सट्टा "जारी गर्नु पर्ने" भन्ने शब्दहरू राख्नु पर्ने । |

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधन प्रस्तावको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १९. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १४ | | (घ) | | यस खण्डमा रहेका "अवलम्बन गर्नु पर्ने" भन्ने शब्दहरूको सट्टा "विपरित जान नहुने" भन्ने शब्दहरू राख्नु पर्ने । |
| २०. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १४ | | (घ) | | यस खण्ड पछि देहायको खण्ड (ङ) थप्नु पर्नेः<br>"(ङ) प्रत्यायोजित विधायनले पूनःप्रत्यायोजित विधायन बनाउन नहुने ।" |
| २१. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १८ | (१) | | | यस उपदफामा रहेका "कुनै प्राविधिक विषयमा मापदण्ड वा कार्यविधि निश्चित गर्न" भन्ने शब्दहरू हटाई सोही उपदफाको "कुनै विषयमा विस्तृत ढाँचा, मापदण्ड (नर्म्स) वा गुणस्तर तोक्न आवश्यक भएमा" भन्ने शब्दहरू समेत हटाउनु पर्ने । |
| २२. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १८ | (३) | | | यस उपदफामा रहेका "ब्यवस्था निर्देशिकामा समावेश गर्नु हुदैन" भन्ने शब्दहरूको सट्टा "छैन" भन्ने शब्द राख्नु पर्ने । |
| २३. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १९ | (१) | | | उपदफा (१ हटाई उपदफाक्रम मिलाउनु पर्ने । |
| २४. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १९ | (२) | | | यस उपदफामा रहेका "तथा सो ऐन अन्तर्गत बनेको नियमावलीले" भन्ने शब्दहरू हटाई देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्नेः<br>"तर नियमावलीमा नै कार्यविधि तोक्न सक्ने अवस्थामा उक्त नियमावलीमा नतोकी अर्को कार्यविधि बनाइने छैन।" |
| २५. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | १९ | (४) | | | यस उपदफामा रहेका "हुने व्यवस्था कार्यविधिमा समावेश गर्नु हुँदैन" भन्ने शब्दहरूको सट्टा "हुनेछ" भन्ने शब्द राख्नु पर्ने । |
| २६. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | २० | (१) | | | यस उपदफामा रहेका "कुनै निकायले" भन्ने शब्दहरूको सट्टा "सम्बद्ध" भन्ने शब्द राख्नु पर्ने । |
| २७. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २० | (२) | | | यस उपदफा पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्नेः<br>"तर मापदण्ड नियमावलीमा नै समावेश गर्ने अवस्थामा छुट्टै बनाईने छैन।" |
| २८. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २१ | (१) | (घ) | | यस खण्डमा रहेको "नियम" भन्ने शब्दको सट्टा "कार्यविधि" भन्ने शब्द राख्नु पर्ने । |
| २९. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २१ | (१) | (च) | | यस खण्डमा रहेका "नेपाल सरकारबाट स्वीकृत हुनु पर्ने" भन्ने शब्दहरू हटाउनु पर्ने । |
| ३०. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २१ | (२) | | | यस उपदफामा रहेका "भए तापनि" भन्ने शब्दहरू पछि "ऐनद्वारा प्राप्त अधिकार अन्तर्गत" भन्ने शब्दहरू थप्नु पर्ने । |

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधन प्रस्तावको व्यहोरा |
|---|---|---|---|---|---|---|
| ३१. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २३ | (१) | | | यस उपदफामा रहेको "तर अध्यादेशको हकमा संघीय संसद सचिवालयमा पठाउनु पर्ने छैन" भन्ने प्रतिबन्धात्मक वाक्याश हटाउनु पर्ने । |
| ३२. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २५ | (५) | | | यस उपदफामा रहेको "कानून" शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द, "तोकेको" भन्ने शब्दको सट्टा "र" भन्ने शब्द र "मिलाउनेछ" भन्ने शब्दको सट्टा "गर्नुपर्नेछ" भन्ने शब्द राख्नु पर्ने । |
| ३३. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २५ | (६) | | | यस उपदफामा रहेका "गर्न सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने । |
| ३४. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | २७ | | | | यस दफामा रहेका "लागू हुने छैन" भन्ने शब्दहरू पछि "र ऐन लागु भएको १५ (पन्ध्र) दिन भित्र ऐनसँग सम्बन्धित नियमावली समेत अनिवार्य राजपत्रमा प्रकाशन गर्नु पर्नेछ" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३५. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | २८ | (५) | | | यस उपदफामा रहेका "कानून मन्त्रालयले निर्धारण गरेको ढाँचामा" भन्ने शब्दहरू हटाउनु पर्ने । |
| ३६. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ३१ | (१) | | | यस उपदफामा रहेको "समितिलाई" भन्ने शब्दपछि "आवश्यक प्रति" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ३७. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ३१ | (१) | | | यस उपदफामा रहेको "समितिलाई" भन्ने शब्दपछि "२५ प्रति" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ३८. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ३२ | (४) | | | यस उपदफा पछि देहायको उपदफा (५) थप्नु पर्नेः<br>"(५) संघीय संसदको सम्बन्धित सभाको नियमावलीमा भएको व्यवस्थालाई यस ऐनले कुनै प्रतिकूल असर पार्ने छैन।" |
| ३९. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ३६ | | | | यस दफामा रहेका "कानून मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय सभा नियमावली, २०७५ को व्यवस्था अनुसार विधायन व्यवस्थापन समितिले" भन्ने शब्दहरू राख्नु पर्ने । |
| ४०. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ३६ | | | | यस दफामा रहेका "कानून मन्त्रालयले" भन्ने शब्दहरू पछि "वा नेपाल सरकार कानून आयोग" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ४१. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ३७ | | | | यस दफा, उपदफामा उल्लेखित विषयहरु सबै हटाउनु पर्नेछ र यस दफामा अन्यत्र कानूनमा जे सुकै कुरा लेखिएको भएतापनि यो ऐनमा लेखिए जति कुरा यो ऐन बमोजिम हुनेछ भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४२. | मा. मायाप्रसाद शर्मा लगायतका सदस्यहरू | ३७ | | | | देहायको दफा ३८ थपी क्रम मिलाउनु पर्नेः<br>"३८ ऐनको श्रोत नखुलेको असम्बन्धित ऐन अन्तर्गत बनेको पून प्रत्यायोजित भएको विधायन यो ऐन लागु भएको मितिबाट स्वतःनिस्कृय हुनेछन" भन्ने शब्दहरू राख्नु पर्ने ।" |

संशोधन प्रस्तावको क्र.स. १ देखि ४२ सम्म छलफलका लागि स्वीकृत ।

... ... ... ... ... ... ... ...

(गणेश प्रसाद तिमिल्सिना)
अध्यक्ष, राष्ट्रिय सभा